श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सुनका गहना निर्यात गर्ने निर्यातकर्ताहरूलाई नेपाल राष्ट्र बैंकले आयात गर्ने सुनमा भन्सार दर साबिकको ५ %लाग्ने गरेकोमा अब उप्रान्त १ % भन्सार महसुल लाग्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ४ क. ले दिएको अधिकार प्रयोग गरी नेपाली नागरिकहरूले भारत बाहेकका मुलुकहरूमा भ्रमण गर्दा प्राप्त गर्ने राहदानी तथा भ्रमण वापतको सटही सुविधाको रकम भ्रमण पश्चात बाँकी रहन गएमा सो मध्येको अमेरिकी डलर १०००।– सम्म अर्को भ्रमणमा उपयोग गर्न, आफैंसँग राख्न वा आफ्नो नाममा बैंकमा खाता खोली राख्न दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

### सूचना ३

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कर अधिकृत, जनकपुरको कार्यक्षेत्र अन्तर्गत पर्ने दोलखा जिल्लालाई कर अधिकृत, धुलिखेल (डोर बाह्रबिसे) अन्तर्गत रहने गरी तोकेको सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ठाकुरनाथ पन्त
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२८

श्री ५ को सरकार

## भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशी राज्य र कुटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी काठमाडौंस्थित थाई राजदूतावासले महाराजगञ्जस्थित श्री झरेन्द्र शम्सेर राणाको २५–३–३ क्षेत्रफलको जग्गा र फ्रान्सिसी राजदूतावासले लाजिम्पाट स्थित श्रीमती रोजालिन शाह र भेनश शाहको नाममा रहेको ५–५–० क्षेत्रफलको जग्गा खरिद गरी लिखत रजिष्ट्रेशन पारित गर्दा उपर्युक्त राजदूतावासहरूलाई लाग्ने रजिष्ट्रेशन दस्तूर मिन्हा दिने गरी मिति २०५०।१।३१ मा निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको का. मु. सचिव

---

श्री ५ को सरकार

## शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको सूचना

श्री ५ को सरकारले लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा ८ को उपदफा (२) को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोष सञ्चालक समितिको रिक्त कोषाध्यक्ष पदमा श्री पद्मज्योति कंशाकारलाई मनोनीत गरेको छ ।

आज्ञाले,
ईश्वरप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२८ ०.३१